## आर्थिक सहयोगका लागि मैले कसरी आवेदन गर्ने ?

हाम्रो लक्ष्य भनेको रोगी आर्थिक सहयोगका लागि आवेदन दिने काम सजिलोभन्दा सजिलो बनाउने हो । प्रक्रिया चरणबद्धरुपमा यस्तो छ :

### चरण १ : आवेदन फाराम अनुरोध गर्नुहोस् ।

यी फारामहरू निशुल्क हाम्रो वेबसाइट geisinger.org मा गएर वा ८००-६४०-४२०६ मा फोन गरेर लिन सकिन्छ । यस अतिरिक्त, यी फारामहरू सबै गाइसिन्गर अस्पताल आकस्मिक विभागहरू र भर्ना क्षेत्र र क्लिनिक भएका स्थानमा उपलब्ध छन् ।

### चरण २ : फाराम पूरा गरेर फिर्ता गर्नुहोस् ।

आवेदन फाराम पूरा गरेपछि निम्न ठेगानामा हुलाकद्वारा पठाउनुहोस् :

Geisinger Uncompensated Care Services 49-38
100 N. Academy Ave.
Danville, PA 17822-4938

### चरण ३ : हामी तपाईंको आवेदनको समीक्षा गर्छौं ।

हामीले तपाईंको आवेदन यस ब्रोसरमा दिइएका मार्गदर्शनहरूको आधारमा तपाईं सहयोगका लागि योग्य हुनुहुन्छ कि हुनुहुन्न भनी निर्धारण गर्न समीक्षा गर्नेछौं । यदि तपाईंको भुक्तानी गर्ने क्षमतालाई प्रभाव पार्ने कुनै विशेष परिस्थितिहरू भए, तिनलाई हाम्रा आर्थिक परामर्श दातामध्ये एकबाट समीक्षा गरिनेछ ।

### चरण ४ : तपाईंले निर्णय प्राप्त गर्नुहुनेछ ।

तपाईंले लिखित निर्णय तुरुन्तै प्राप्त गर्नहुनेछ, साधारणतया आवेदन गरेको तीस दिनभित्रमा । यदि तपाईंको सहयोग अस्वीकृत गरियो भने, हामी सोको कारण प्रदान गर्नेछौं । यस निर्णयले भुक्तानी योजना कसरी तयार गर्ने भन्ने जानकारी पनि प्रदान गर्नेछ ।

*आर्थिक सहयोगका लागि आएका सबै आवेदनहरूलाई पूर्णतया गोप्य राखिनेछ । तपाईंको आवेदनमा भएको जानकारी त्यस्ता मानिससँगमात्र साझा गरिन्छ जो तपाईंको योग्यता निर्धारणका लागि जिम्मेवार छन् ।*

*आर्थिक सहयोग फारामहरू अरेबिक, अंग्रेजी, चाइनिज, नेपाली, स्प्यानिस तथा भिएतनामी भाषामा उपलब्ध छन् ।*

गाइसिन्गारको आर्थिक सहयोग नीतिहरू बारे अधिक जान्नका लागि वा आफ्नो स्याहारको लागि आर्थिक सहयोग आवेदन गर्नका लागि, कृपया हाम्रो वेबसाइट geisinger.org हेर्नहोस् वा ८००-६४०-४२०६ मा जानकार रोगी सेवा प्रतिनिधिहरूलाई फोन हेर्नुहोस् । यदि कुनै आर्थिक सहयोग आवेदन प्राप्त नभएका खण्डमा, गाइसिन्गारले आर्थिक सहयोगका लागि तपाईंको योग्यता मूल्याङ्कन गर्नका लागि अनुमानिक विश्लेषणात्मक औजार प्रयोग गर्नेछ ।

गाइसिन्गार छनोट गर्नुभएकोमा धन्यवाद । तपाईंका लागि स्याहार गर्ने अवसरलाई हामी सम्मान गर्छौं ।

1784-6134-4-3/20-VH/BF/ABSTRANS

# आर्थिक सहयोग

## हामी मद्दत गर्न सक्छौं

Geisinger

## गाइसिन्गर - स्याहारका लागि प्रतिबद्ध

**आवश्यकता पर्नेहरूलाई स्वास्थ्य स्याहार प्रदान गर्दै**

गाइसिन्गरले आवश्यकता परेका व्यक्तिहरूलाई उनीहरूको भुक्तानी गर्ने क्षमता जे भए पनि मेडिकल रूपमा आवश्यक स्वास्थ्यस्याहार प्रदान गर्न प्रतिबद्ध छ। यस ब्रोसरले हाम्रो आर्थिक सहयोग नीति र आर्थिक सहयोगका निमित्त कसरी योग्य हुने तथा आवेदन गर्ने कुराहरू व्याख्या गर्दछ।

## हाम्रो आर्थिक सहयोग नीति

- तपाईंका आर्थिक परिस्थितिहरूले तपाईंले प्राप्त गर्ने स्याहारलाई प्रभाव पार्नेछैनन्। सबै रोगीहरूलाई आदर र निष्पक्षताका साथ उपचार गरिन्छ।
- मेडिकल रूपमा आवश्यक स्याहारका लागि सहयोग उपलब्ध छ। रोगीहरूले आर्थिक सहयोगका लागि जतिबेला पनि आवेदन गर्न सक्नेछन् - आफ्नो स्याहारको अघि, हुँदाहुँदै वा पछि।
- यदि तपाईंको स्वास्थ्य बीमा छैन वा सीमित बीमा लाभहरू छन् र/वा सीमित आर्थिक स्रोतहरू छन् भने, तपाईं सहयोगका लागि योग्य हुन पनि सक्नुहुन्छ। बीमा नगरेका बिरामीहरूले पेनसिलभानिया मेडिकल सहयोगका लागि आवेदन गर्नै पर्नेछ।
- आर्थिक सहयोगको स्वीकृति गाइसिन्गर नीति मार्गदर्शकहरूद्वारा निर्धारण गरिन्छन् जुन यस ब्रोसरमा व्याख्या गरिएका छन्।
- तपाईंको हालको ब्यालेन्स रकम र तपाईंको आर्थिक अवस्थामा आधारित रहेर, न्युनतम २५ डलरसम्मको मासिक किस्तामा तिर्ने गरी ब्याज-मुक्त पुनर्भुक्तानी योजनाहरू उपलब्ध छन्।
- यदि तपाईं आर्थिक सहयोगका लागि योग्य हुनुहुन्न तर तपाईंसँग विशेष परिस्थितिहरू छन् भने, तपाईंले आफ्नो केसलाई गाइसिन्गर आर्थिक परामर्शदाताद्वारा समीक्षा गरियोस् भनी अनुरोध गर्न सक्नुहुन्छ।
- आर्थिक सहयोगका लागि आवेदन गर्नका लागि, तपाईंले तपाईंलाई उपलब्ध हुनसक्ने अन्य फन्डिङ (लागत) का स्रोतहरूलाई आवेदन गर्दा सरह सबै जानाकारी हामीलाई प्रदान गर्नुपर्दछ जस्तै मेडिकल सहयोग, मेडिकेयर असक्तता वा अन्य फेडेरल वा राज्यका कार्यक्रमहरू।
- तपाईंको स्वास्थ्यस्याहारका लागि र आर्थिक सहयोगका लागि आवेदन गर्न तपाईं आर्थिक रूपमा जिम्मेवार हुनुहुन्छ। गाइसिन्गरले आवेदन सामग्रीलाई सजिलैसँग उपलब्ध गराउँछ। आवेदन अनुरोध गर्नका लागि, हाम्रो वेबसाइट geisinger.org मा जानुहोस् वा ८००-६४०-४२०६ मा फोन गर्नुहोस्।

## के तपाईं आर्थिक सहयोगका लागि योग्य हुनुहुनेछ ?

आर्थिक सहयोगका लागि योग्यता अमेरिकी सरकारको फेडेरल गरिबी मार्गदर्शनमा आधारित हुनेछ। यी मार्गदर्शनहरू वार्षिक रूपमा अपडेट (अध्यावधिक) गरिन्छन्।

- यदि तपाईंको घरपरिवारको आय वर्तमान फेडेरल गरिबी मार्गदर्शनको ३०० प्रतिशत वा सोभन्दा कम छ भने तपाईं सहयोगका लागि योग्य हुनसक्नुहुन्छ।
- तपाईं आर्थिक सहयोगका लागि योग्य हुनुहुन्छ कि हुनुहुन्न निर्धारण गर्नका लागि तलको आय म्याट्रिक्सलाई मार्गदर्शकको रूपमा प्रयोग गर्दै तपाईंको घर परिवारको आकार र आय फेडेरल गरिबी तहको ३०० प्रतिशत वा कम छ कि छैन निर्धारण गर्नुहोस्।

| घरपरिवारको आकार | फेडेरल गरिबी तहको ३००% |
|---|---|
| १ | ३८,२८० डलर |
| २ | ५१,७२० डलर |
| ३ | ६५,१६० डलर |
| ४ | ७८,६०० डलर |
| ५ | ९२,०४० डलर |
| ६ | १०५,४८० डलर |
| ७ | ११८,९२० डलर |
| ८ | १३२,३६० डलर |
| प्रत्येक अतिरिक्त व्यक्तिका लागि जोड्नुहोस् | १३,४४० डलर |

- अन्तिम निर्धारण आयको मूल्याङ्कन, आर्थिक आवेदनमा प्रदान गरिएको जानकारी, र रोगीको दायित्वसँग तुलना गरिने सम्पत्तिमा भर पर्दछ। गाइसिन्गर आर्थिक सहयोग कार्यक्रमका लागि योग्य भएका रोगीहरूले मेडिकल रूपमा आवश्यक चार्जहरूमा १०० प्रतिशत छूट पाउनेछन्।

**अपवादहरू**

गाइसिन्गर आर्थिक सहयोग कार्यक्रमले धेरैजसो सेवाहरूलाई समेटे पनि, यसका केही अपवादहरू छन्, तलकाजस्तै, तर यति मै मात्र सीमित छैनन्:

- कस्मेटिक सेवाहरू
- वैकल्पिक प्रजनन सेवाहरू
- प्रत्यारोपन–सम्बन्धित सेवाहरू
- बारियाटिक–सम्बन्धित सेवाहरू
- नियमित दन्त स्याहार वा कस्मेटिक दन्त पुनर्निर्माण
- अन्य सेवाहरू, गाइसिन्गरको विवेकमा

**आर्थिक परामर्शदातासँगको पहुँचका लागि, ८००-६४०-४२०६ मा फोन गर्नुहोस्**

